ई-पत्रिका अनलाईन पढ्नका लागि क्यूआर कोड स्क्यान गर्नुहोला ।

परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक




•वर्ष १ •अंक २४८ •२०७९ साल कार्तिक ६ गते आइतबार •(23-October-2022) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## डेङ्गु रोग नियन्त्रण र रोकथामका लागि नगरप्रमुखको निर्देशन



महोत्तरी । बर्दिबास नगर पालिकाले डेङ्गु रोग नियन्त्रण र रोकथामका लागि तयारी सुरु गरेको छ । डेङ्गुको सङ्क्रमण हरेक दिन बढ्दै गएपछि नगरपालिकाले नियन्त्रण र रोकथामका लागि पूर्वतयारी सुरु गरेको हो । आज बर्दिबास नगर पालिकाको मेयर प्रह्लाद कुमार क्षेत्रीको निर्देशन अनुसार बर्दिबास नगर पालिकाका १४ ओटै वडा हरुमा डेङ्गु नियन्त्रणका लागि घरदैलो अभियान संचालक गरेका छ्न । स्वास्थ्यकर्मीहरूका लागि डेङ्गु रोग सम्बन्धी निगरानी, सम्भावित महामारीको तयारी, रोकथाम तथा नियन्त्रण, खोज र नष्ट गर्ने तरिकाका बारेमा जानकारी गराउदै हरेक वडामा ३० हजार रुपैया र डेङ्गु को औसधि बितरण गरेका नगर प्रमख प्रहलाद कुमार क्षेत्रीले जानकारी गराए । नगरका कुनै पनि वडामा डेङ्गुको लक्षण देखा पर्न बितिकै तुरुन्तै स्वास्थ चौकीमा र आफू बसेका अस्पतालमा जान आग्रह समेत गरे ।







## मुख्य दलका उम्मेदवारको डेब्युलाइ ब्रेक लगाउदै स्वतन्त्र उम्मेदवार

महोत्तरी क्षेत्र नं. १ का स्वतन्त्र उम्मेदवार



पोषण थापा
प्रतिनिधि सभा



युवराज पोखरेल
प्रदेश सभा (क)



बिनोद कुमार महतो
प्रदेश सभा (ख)

विशाल बस्नेत, महोत्तरी । स्थानिय तहको निर्वाचनको समयमा मधेश प्रदेशमा अन्तिम समयमा टिकट खोसिएपछी नेपाली काङ्गेसवाट वागी वनेका प्रल्हाद कुमार क्षेत्री र मनोज साह सुडीले दुई वटा पालिकामा चुनाव जिते। मनोज साह सुडीले जनकपुर उपमाहानगपालिका र प्रल्हाद कुमार क्षेत्रीले बर्दिबास नगर पालिकामा निर्वाचित भए । अहिले मनोज साह सुडीले नेपाली काङ्गेसलाई नै सहयोग गरिरहेका छन भने प्रल्हाद कुमार क्षेत्रीले स्वतन्त्र कै नाममा स्वतन्त्र गतिविधि अगाडी बढाएका छन । बर्दिबास नगरपालिकामा ४ वडामा वडा अध्यक्ष सहित उपमेयर पनि क्षेत्री समुहवाट नै निर्वाचित भएका थिए । सोही स्थानिय तहमा पाएको भारी मतलाइ नै आकलन गर्दै क्षेत्री समुहले प्रदेश र प्रतिनिधीसभाको लागी आफ्ना उम्मेदवार उठाएपछी महोत्तरीमा निक्कै चर्चा पाएको छ । नेपाली काङ्गेसले स्थानिय तहमा वागी वनेकाहरुलाइ निष्कृय वनी गठबन्धनलाइ सहयोग गरे कारवाही फुकुवा गर्ने वताएतापनी क्षेत्री समुहले त्यस्लाइ अटेर गर्दै पुनः गठबन्धनका विरुद्ध वागी वनेका छन । काङ्गेसवाट उठेको राजनिती हाइटलाइ समेत दाउमा राखेर पुनः स्वतन्त्र गतिविधी चलाउनुले काङ्गेसका कतिपय नेताहरुले अब पाटीको ढोका पुर्णरुपमा बन्द भएको वताइरहेका छन । क्षेत्री समुहमा क्षेत्र न.१ को प्रतिनिधिसभामा पोषण थापालाइ, प्रदेशसभा अन्तर्गत (क) मा युवराज पोखरेल, (ख) मा बिनोद कुमार महतो स्वतन्त्र उम्मेदवारकोरुपमा चुनावी मैदानमा छन । यातायातको अधिकृतको जागीर छाडेर चुनावी मैदानमा होमिएका थापालाइ दलहरुवाट वनेका उम्मेदवार जत्तिकै प्रतिस्पर्धीकोरुपमा हेरिएको छ । बर्दिवास-११ स्थित खयरमारा घर भएका थापाले चलाएको चुनावी रणनीति र चुनाव प्रचारप्रसारको रफतारले नेकपा एमालेका प्रतिनिधिसभा उम्मेदवार लक्ष्मी महतो र सत्तागठबन्धन दलका साझा उम्मेदवार गिरिराजमणी पोखरेल समेत ससंकित वनेका छन । त्यसो भए थापा कसरी वलिया उम्मेदवार हुन, निर्वाचन जित्ने उनीसँग के-के आधार छन ? भन्ने प्रश्न पनि उठन सक्छ । अहिले थापासँग निर्वाचन जित्ने आधार एउटै मात्र हो त्यो हो मतदाताहरुको बिस्वास । थापासँग न सागंठनिक सरंचना छ न त पुरानो बिरासत नै ।

बाँकी पृष्ठ ३ मा............






# ManaraShiswa Municipality,
# Office Of Municipal Executive,Manara,Mahottari
# Madhesh Province

## Invitation for Sealed bids/Quotations

**Date of publication: 2079/07/06( Oct 23, 2022)**

1. ManaraShiswa Municipality, Office Of Municipal Executive, Manara, Mahottari invites sealed bids & sealed quotations from Nepalese eligible bidders for the Procurement Of Goods & the construction Of Works as Mentioned Below in the table.

| S.N. | Contract ID | Description Of Project | Total Estimated Amount (Nrs) Exclusive of VAT & Contingencies | Bid document fee | Last D ate & Time Of Bid document Purchase | Last Date & Time Of Bid Submission | Bid Opening Date & Time | Bid Validity Period | Bid Security | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | Amount | Validity |
| i. | Mun/Manara/ Goods / SQ/1/2079/80 | बेन्च डेस्क खरिद गरी वितरण गर्ने कार्य | NA | 1000 | 2079-07-29 (Nov 15,2022) During Office Hours | 2079-07-30 (Nov 16 ,2022) 12 Hours | 2079-07-30 (Nov 16 ,2022) 13 hours | 45 days | 40000 | 75 days |
| ii. | Mun/Manara/ Goods/ SQ/2/2079/80 | सौचालयका लागि रिंग खरिद तथा प्यान खरिद गरि वितरण गर्ने कार्य | NA | 1000 | 2079-07-29 (Nov 15,2022) During Office Hours | 2079-07-30 (Nov 16 ,2022) 12 Hours | 2079-07-30 (Nov 16 ,2022) 13 hours | 45 days | 40000 | 75 days |
| iii. | Mun/Manara/ Works/ NCB/3/2079/80 | हुलाकी सडक देखि वडा नं . ३ सोनौल हुदैं वडा नं ७ सरपल्लो सम्मको सडकमा कल्भर्ट निर्माण तथा पि. सि. सि. ढलान कार्य | 2140666.38 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 60000 | 120 days |
| iv. | Mun/Manara/ Works/ NCB/4/2079/80 | वडा नं. १ हुलाकी सडक देखि हस्पिटल हुदैं वडा नं . ४ को साँढा गाउँ सम्म जोड्ने सडकको आर. सि. सि. ढलान कार्य | 2139073.17 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 60000 | 120 days |
| v. | Mun/Manara/ Works/ NCB/5/2079/80 | वडा नं. २ भोल्ही टोलमा अरुण सिंहको घर देखि ब्रह्मस्थान हुदैं साझा संस्था देखि सोनौल जोड्ने बाटो सम्म कृषि सडक निर्माण कार्य | 3392163.59 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 90000 | 120 days |
| vi. | Mun/Manara/ Works/ NCB/6/2079/80 | नगरपालिका भित्र जेष्ठ नागरिक मिलन केन्द्र स्थापना (भवन निर्माण ) | 3360873.79 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 90000 | 120 days |
| vii. | Mun/Manara/ Works/ NCB/7/2079/80 | मनरा शिसवा नगरपालिका अन्तर्गत वडा नं. १ देखि १० सम्म स्यालो ट्युबेल जडान गर्ने | 3437312.49 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 90000 | 120 days |
| viii. | Mun/Manara/ Works/ NCB/8/2079/80 | मरूवाही विधालय गेट देखि पोखरी डिल हुदैं जगरनाथ पाण्डेयको घर सम्म रेतेनिंग वाल तथा कंक्रिट ब्लक बाट सडक स्तरउन्नती कार्य | 2112472.07 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 60000 | 120 days |
| ix. | Mun/Manara/ Works/ NCB/9/2079/80 | दुर्गा मा. वि. मनरा वडा नं. १ मा अधुरो भवन निर्माण कार्य | 3397462.21 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 90000 | 120 days |
| x. | Mun/Manara/ Works/NCB/10/ 2079/80 | महोत्तरी जिल्ला मनरा शिसवा २ कट्टी सडक स्तरउन्नती | 4282159.31 | 3000 | 2079-08-07 (Nov23 ,2022) During Office Hours | 2079-08-08 (Nov 24,2022) 12 Hours | 2079-08-08 (Nov 24,2022) 13 hours | 90 days | 100000 | 120 days |
| xi. | Mun/Manara/ Works/ SQ/3/2079/80 | मरूवाही स्वास्थ्य चौकी निर्माण कार्य | 1270336.35 | 1000 | 2079-07-29 (Nov 15,2022) During Office Hours | 2079-07-30 (Nov 16 ,2022) 12 Hours | 2079-07-30 (Nov 16 ,2022) 13 hours | 45 days | 30000 | 75 days |
| xii. | Mun/Manara/ Works/ SQ/4/2079/80 | वडा नं. १० मरूवाही मिलन चौक देखि पूर्व तिर हलखोरी सकरी बाटो सम्म कृषि सडक निर्माण कार्य | 1690079.40 | 1000 | 2079-07-29 (Nov 15,2022) During Office Hours | 2079-07-30 (Nov 16 ,2022) 12 Hours | 2079-07-30 (Nov 16 ,2022) 13 hours | 45 days | 40000 | 75 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari, email-manarasishwamun.gov@gmail.com.
3. A complete set of Bidding Documents may be purchased from the ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari by eligible bidders on the submission of a written application along with the copy of company/firm registration certificate.

## ....सम्पादकीय

# आचार संहिताको ख्याल गर

मुलुकमा अहिले चुनावी माहौल छ । विभिन्न राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरु यतिबेला चुनावी मैदानमा उत्रिएका छन् । उनीहरुले मतदताहरुलाई रिझाउनका लागि हरेक प्रकारका प्रयास गर्दै आइरहेका छन् । उनीहरुले चुनाव प्रचारका क्रममा भने निर्वाचन आयोगले जारी गरेको आचार संहिताको पनि ख्याल कम गरेको देखिएको हुन त उम्मेदवारहरुले आचारसंहिता उल्लंघन गर्नु सामान्य जस्तै हुदै आएको छ, नेपालमा। अन्य देशको सवालमा त आचारसंहिता उल्लंघन गरेपछि उम्मेदवारी रद्द हुने संभावना नै रहन्छ तर नेपालमा समेत मात्रै गराइन्छ जसले गर्दा पनि उम्मेदवारहरुले भने खासै आचारसंहितको विषयमा चासो दिएको पाइदैन उल्लघनका घटना बारम्बार हुने गरेका छन । यस विषयमा निर्वाचन आयोग पनि कडा हुन जरुरी छ। त्यसैगरी तर कानुन भनेको कानुननै हो। यो केवल देखाउन र सुनाउनको लागि बनाइएको हुदैन । निर्वाचन आचारसंहिता पनि उम्मेदवारहरुले कार्यान्वय गर्नैपर्ने हुन्छ। अन्यथा उनीहरु सजायभागी हुनुपर्ने छ । बाराको क्षेत्र नम्बर १ मा एकजना बाहलवाला मन्त्री एंव प्रतिनिधि सभा सदस्य पदका उम्मेदवारले यस्तै कार्य गरेको पाइएको छ । उनले राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवारलाई आफ्नो पक्षमा उम्मेदवारी फिर्ता लिन आग्रह गर्दै नलिए जे पनि हुन सक्ने भनेर धम्की दिएको समाचार बाहिर आएको छ। एउटा उम्मेदवारलाई अर्को उम्मेदवारले पद र शक्तिको आडमा यसरी धम्की दिनु निर्वाचन आचारसंहित विपरित मात्रै होइन नेपालको कानुन विपरितको कार्य पनि हो । आचार संहितको विषयमा प्रभावकारी रुपमा अनुगमन होस् र उल्लंघन गर्नेलाई कारवाही होस् अनि मात्रै आचारसंहिताको प्रभावकारी कार्यान्वयन हुनेछ । अन्यथा पद र शक्तिको आडमा यसको दुरुपयोग बढिरहनेछ ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"

4. Pre-bid meeting for NCB shall be held at 2079-07-28 (Nov 14,2022),11:00 Hrs at ManaraSishwa Municipality, Office Of Municipal Executive Hall
5. Sealed Bid/Quotation must be submitted to the ManaraShiswa Municipality,Office Of Municipal Executive, Manara, Mahottari by hand (Hardcopy Submission ) on or before as mentioned in the table above. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at Date And time as mentioned in the table above at the office of ManaraShiswa Municipality, Office Of Municipal Executive, Manara, Mahottari. Bids must be valid for days mentioned in the table above after bid opening and must be accompanied by bid security through approved bank guarantee or approved cash deposit voucher of bid security amount mentioned in the table above ,which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. If any provisions of this document are inconsistent with Public Procurement Act 2063 and public procurement Regulations 2064, the provision of this document shall be void to the extent of such inconsistency and the provision of PPA, PPR & their latest amendment prevail.

**Information to Deposit Cost Of Bidding Document & Bid Security Amount**

| Cash Deposit Of | Name Of The Bank | Account Name | Account No | |
|---|---|---|---|---|
| Bidding Document Fee | Laxmi Bank Ltd , Manara Branch, Mahottari | AANTARIK RAJASHWO KHATA GA-1.1 | 08403000047 | Amount: As Mentioned in the Table Above |
| Bid Security Amount | Laxmi Bank Ltd , Manara Branch, Mahottari | STHANIYA TAHA DHARAUTI | 08403000193 | |

**Chief Adminstrative Officer**

# सक्षम हुँदै महिला प्रतिनिधि

गोपालप्रसाद बराल, महोत्तरी । विसं २०७२ मा नयाँ संविधान जारी भएपछि पहिलोपटक २०७४ सालमा भएको स्थानीयतहको निर्वाचनमा बर्दिवास-७ मा चुनाव लडेर महिला सदस्य जित्नुभएकी कलीमायाँ विश्वकर्मालाई पहिले नमस्कार गरेर आफ्नो परिचय दिन पनि लाज लाग्थ्यो । अहिले विश्वकर्मा आफ्नो पदीय दायित्व र अधिकारबारे खरर बोल्नसक्ने हुनुभएको छ । 'लहैलहैमा गाउँबस्ती वरपर का छिमेकीले चुनाव लडलड भने, मानेर लडेँ, जितेँ पनि', पहिलो कार्यकालको अनुभव सुनाउँदै कलीमायाँले भन्नुभयो, 'प्रमुख, उपप्रमुख र वडाध्यक्षले जहाँजहाँ सही गर्न भन्नुहुन्थ्यो त्यही गरिन्थ्यो ।' पहिलो कार्यकालको उत्तरार्द्धमा महिला सशक्तीकरण क्षेत्रमा कार्यरत 'माण्डवी' संस्थाले महिला सदस्यको कर्तव्य र अधिकारबारे लगातार सिकाउँदै गएपछि आँखा खुलको उहाँको भनाइ छ । माण्डवीले नगरसभामा कसरी आफ्ना कुरा राख्ने भन्ने सिकाएपछि आफूसहितका धेरै महिला सदस्यले महिला हकहित र सामाजिक आवश्यकताका विषयमा प्रस्ताव नै लग्ने गरेको कलीमायाँले बताउनुभयो । पहिलो कार्यकालको उत्तरार्द्धमा माण्डवीले 'बुटक्याम्प' (लक्ष्यसहित सैनिक चालमा हिँड्ने भाव) तालिम दिएपछि जनताबीच कसरी जाने, फेरि कसरी निर्वाचित हुने र जनपक्षीय कामका मुद्दा कसरी उठाउने भन्ने सिकाएका कुरा व्यवहारमा लाँदै गएपछि समाजमा सबैले माया गर्न थालेका कलीमायाँको अनुभव छ । 'पहिलोचोटी (२०७४) त चुनाव लड्नुपरेको थियो', कलीमायाँले भन्नुभयो, 'यसपालि (२०७९) त सबैले निर्विरोध पो छोडीदिए ।' पछिल्लो कालमा जनतासँग एकाकार हुने कलाले आफू निर्विरोध निर्वाचित भएको कलीमायाँको ठम्याइ छ । कलीमायाँजस्तै बर्दिवास-१४ की श्यामकुमारी नेपाली, पिपरा-५ की जितनीदेवी महरा, औरही-२ की सोनावतीदेवी यादव, जलेश्वर-१ की सोगरा खातुन र भङ्गाहा-९ की जुमैदा खातुन पनि यसपालि (२०७९) दोस्रो कार्यकालका लागि निर्वाचित महिला सदस्य हुनुहुन्छ । आफूहरूलाई हकअधिकार, दायित्व र कर्तव्यबारे माण्डवीले सिकाएको कुराले जनतामा स्थापित हुन सहयोग गरेको भङ्गाहा-७ की महिला सदस्य ललिता चौधरी थारुको ठम्याइ छ । जिल्लामा यसपालि पाँच स्थानीयतह (बर्दिवास, पिपरा, औरही, जलेश्वर र भङ्गाहा) मा २० जना महिला सदस्य दोस्रो कार्यकालका लागि चुनिएका छन् । माण्डवीले जिल्लाका पाँच स्थानीयतह बर्दिवास, पिपरा, औरही, जलेश्वर र भङ्गाहालाई कार्यक्षेत्र बनाई निर्वाचित महिला सदस्यलाई नेतृत्व विकासको तालिम दिएर निरन्तर सवल र सशक्त बनाउँदैछ । माण्डवीको तालिमपछि महिला सदस्य नगर कार्यपालिकाको काम, सामाजिक छलफल र विकास निर्माणका काममा सक्रिय सहभागिता बढाउँदै लगेका भङ्गाहा नगरपालिकाका प्रमुख सञ्जीवकुमार साहको भनाइ छ। 'म आफैँ पनि यसपालि दोस्रो कार्यकालका लागि निर्वाचित भएको प्रमुख हुँ', साहले भन्नुभयो, 'महिला सदस्य माण्डवीको तालिम पाएर निकै जानकार हुनुभएको छ ।' मधेसमा शिक्षा, स्वास्थ्य र आर्थिक उपार्जनका अवसरबाट वञ्चित रहँदै आएको मुसहर जाति समुदायबाट बर्दिवास-१२ मा महिला सदस्य निर्वाचित रुपोदेवी सादा अहिले आफ्नो बस्ती वरपर शैक्षिक विकासका लागि मरिहत्ते गरेर लागि पर्नुभएको छ । 'हामी त अन्धकारमा रहेछौँ, माण्डवीले आँखा खोलीदियो', रुपोदेवी भन्नुहुन्छ, 'जीवनको पहिलो कुरो त शिक्षा पो रहेछ, यो बुझेपछि मैले आफ्नो समुदाय (जाति, मुसहर) भित्रका नानीहरू आफैँले विद्यालय पुर्‍याउने गरेकी छु ।' रुपोदेवीको परिचय अचेल बर्दिवास-१२ विजलपुरामा जागरुक महिलामा हुने गरेको वडाध्यक्ष रामकिशोर साह बताउनुहुन्छ । जिल्लाको औरही नगर पालिकाकी कार्यपालिका सदस्य हीराकुमारी महरा प्रखर वक्ताजस्तै बोल्नुहुन्छ । माण्डवीले सङ्कोच, डर हटाएर जिम्मेवार हुन सिकाएपछि अहिले यो जना कसरी बनाउने ? कस्तो विकास गर्ने ? समुदायमा कसरी बोल्ने ? सभामा कसरी आफ्नो कुरा राख्ने ? लगायतका धेरै कुरा सिकेको हीरा बताउनुहुन्छ । औरही-८ की वडासदस्य इन्दुदेवी सादा पनि अब हक अधिकारका कुरा गर्न पोख्त हुनुभएको छ । 'सरकार, विकास, कानुन, योजना, अधिकार जस्ता धेरै विषयबारे जानकारी पाइएको छ', इन्दु भन्नुहुन्छ, 'अब मलाई वडाका समस्या नगर कार्यपालिकासम्म पुर्‍याउन केहीझैँ लाग्दैन ।' माण्डवीको सहयोगले आफूसहितका महिला सदस्यमा जीवन बारेको महत्व बल्ल थाहा पाएको इन्दु बताउनुहुन्छ । माण्डवीले निर्वाचित महिला जनप्रतिनिधिलाई सवल र सशक्त बनाउन 'सी लिड्स' कार्यक्रममार्फत प्रशिक्षित गराउँदैछ । जिल्लाका पाँच स्थानीयतहका एक सय छ महिला सदस्यलाई यस कार्यक्रमअन्तर्गत तालिम दिई सकिएको माण्डवीका कार्यक्रम अधिकृत पियङ्का ठाकुरले जानकारी दिनुभयो । अहिले पाँच स्थानीयतहमध्ये भङ्गाहा बाहेक अन्य चारमा महिला सदस्यलाई तेस्रो चरणको तालिम दिइसकिएको ठाकुरको भनाइ छ । भङ्गाहामा पनि अब तिहारलगत्तै तेस्रो चरणको तालिम सञ्चालन गरिने माण्डवीको तालिका छ । तालिमको अहिलेको तेस्रो मोड्युल (चरण) मा समूहकार्य, बैठकको योजना र व्यवस्थापन, स्थानीय तहको विधायिकी कार्य प्रणाली, सञ्जालीकरण, सक्रिय सुनुवाइ, सञ्चारमाध्यमसँग सहकार्य, विकास, समुदाय परिचालन, व्यक्तिगत विकासका लक्ष्यहरू र कार्ययोजनासहितका विषय पर्ने गरेका छन् । यसअघि दोस्रो मोड्युलको प्रशिक्षणअन्तर्गत महिला नेतृत्वको परिचय, आत्मविश्वासको अभिवृद्धि, लैङ्गिकता र लैङ्गिक समानता लगायत विषयमा तालिम दिइएको थियो भने प्रथम चरणमा परिचयात्मक विषय समेटिएका थिए । पहिलो चरणमा पालिकाका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, महिला जनप्रतिनिधिका घरमूली लगायतसँग अन्तर्क्रिया र प्रशिक्षण कार्यक्रम गरिएको थियो । आइएफएसको प्राविधिक सहयोग र अष्ट्रेलियन एडलगायतका संस्थाको आर्थिक सहयोगमा माण्डवीले यी कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ । जिल्लामा माण्डवीको यो कार्यले महिला सशक्तीकरणमा राम्रो वल प्राप्त भएको यहाँका सामाजिक अभियानीको ठहर छ ।

आम निर्वाचन २०७९

# कुन पार्टीबाट कति छन् महिला र पुरुष उम्मेदवार ?



बर्दिबास । आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि १ सय ६५ निर्वाचन क्षेत्रमा २ हजार ४१२ उम्मेदवार प्रतिस्पर्धामा छन्। प्रतिनिधिसभा सदस्यका लागि दलहरुले धेरै संख्यामा पुरुष उम्मेदवार खडा गरेका छन् भने महिला उम्मेदवारलाई कम प्राथमिकता दिएका छन् । प्रतिनिधिसभा तर्फ २ हजार १८७ पुरुष उम्मेदवार र हँदा २२५ महिला उम्मेदवार रहेका छन्। १४१ कुल उम्मेदवार उठाएको एमालेमा १३० पुरुष उम्मेदवार रहेका छन् भने ११ जना महिला उम्मेदवार रहेका छन् । १४० कुल उम्मेदवार उठाएको राप्रपाले १३२ पुरुष उम्मेदवार र ८ जना महिला उम्मेदवार उठाएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीले कूल १३१ उम्मेदवार उठाउँदा १२ जना महिला र ११९ जना पुरुष उम्मेदवार उठाएको छ। यस्तै नेमकिपाले १०९ उम्मेदवार उठाउँदा ९७ पुरुष र १२ जना महिला उम्मेदवार उठाएको छ । सबैभन्दा धेरै महिला उम्मेदवार उठाउने दलमा नेमकिपा र राष्ट्रिय स्वतन्त्र पार्टी रहन गएको छ । यस्तै मंगोल नेशनल अग्रनाइजेशनले कुल ८८ उम्मेदवार उठाएकोमा ७८ पुरुष र १० महिला उम्मेदवार उठाएको छ । माओवादी केन्द्रले कूल ४६ उम्मेदवार उठाएकोमा ३८ पुरुष र ८ महिला, नेकपा एकीकृत समाजवादीले कूल २१ उम्मेदवार उठाएकोमा १ महिला उम्मेदवार र २० पुरुष उम्मेदवार उठाएको छ। यस्तै ८६७ कूल स्वतन्त्र उम्मेदवार मध्ये ७९० पुरुष र ७७ महिला उम्मेदवार रहेका छन् ।


विज्ञापनका लागि सिधा सम्पर्क गर्नुहोस्।

सम्पर्क मोबाइल नम्बर :
९८०७८२१०१४,९८६३२१०१४ र ९८०४८०४७००
talknepalnationaldaily@gmail.com


# नम्बर नै परिवर्तन गरेर खानेपानी मन्त्री चौधरीले गरे सरकारी गाडीको दुरुपयोग




बारा । आचारसंहिता उल्लंघन गर्दै खानेपानी मन्त्री तथा नेपाली कांग्रेसका सहमहामन्त्री उमाकान्त चौधरीले चुनाबी प्रचारप्रसारका निम्ति सरकारी गाडीको दुरुपयोग गरेको पाईएको छ। बारा क्षेत्र नम्बर १ मा सत्ता गठबन्धनका तर्फबाट प्रतिनिधि सभाका उम्मेदवार नेपाली कांग्रेसका सहमहामन्त्री एंव खानेपानी मन्त्री उमाकान्त चौधरीले बाराको क्षेत्र नम्बर १ मा चुनाबी प्रचारप्रसारका निम्ति सरकारीले मन्त्रीलाई दिएको गाडीको नम्बरनै परिर्वतन गरि प्रयोग गरिएको पाईएको हो । मन्त्री चौधरीले रातोनिलो भएको बा २ झ ५८६१ नम्बरको सरकारी गाडीको नम्बर प्लेटनै परिवर्तन गरी बा १२ च ७४३१ नम्बरको प्लेट राखेर प्रयोग गर्दै आएका हुन। बारा जिल्ला घर भएका मन्त्री चौधरी कोही हप्तादेखि बारामै छन । उनले चुनाबी प्रचारप्रसारका निम्ति समेत सरकारी गाडी प्रयोग गर्दै आएको एक स्थानिए राम एकबाल चौधरीले बताए। 'मैले पहिले मन्त्री न्ज्युको यहीँ गाडीमा सरकारी नम्बर देखेको थिए विगत तीन चार दिनबाट निजी नम्बर देखे', चोधरीले भने, प्रहरी नै मन्त्रीँग अघिपछि हुन्छ प्रशासन मौन छ, कसले कारबाही गर्ने खै ? निर्वाचन २०७९ प्रयोजनका लागि जारी भएको आचारसंहितामा नेपाल सरकार, प्रदेश सरकार, मन्त्री, स्थानीय कार्यपालिका तथा पदाधिकारीले कुनै पनि राजनीतिक दल वा उम्मेदवारको पक्ष विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नपाइने उल्लेख गरिएको छ । यसअगि स्थानीय तहको निर्वाचनमा समेत उनले आचारसंहिता उल्लंघन गर्दै चुनाबी प्रचारप्रसारका निम्ती सरकारी गाडीको दुरुपयोग गरेको पाईएको थियो ।

# निर्वाचनका लागि टिकटक प्रतियोगिता गरिने



काठमाडौं । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि उत्कृष्ट टिकटक भिडियो बनाउनेलाई निर्वाचन आयोगले पुरस्कृत गर्ने घोषणा गरेको छ । निर्वाचन प्रचारप्रसार, निर्वाचन आचारसंहिता तथा निर्वाचन शिक्षाजस्ता विषयमा आधारित उत्कृष्ट टिकटक भिडियो बनाउन आह्वान गर्दै आयोगले प्राप्त उत्कृष्ट भिडियोलाई पुरस्कृत गर्ने निर्णय गरेको हो । टिकटक भिडियो प्रतियोगितामा सहभागी हुनेले २० सेकेण्डदेखि एक मिनेटसम्मको बनाएर यही कात्तिक ५ देखि १५ गते भित्र पठाइसक्नुपर्ने छ । आयोगले प्राप्त भएकामध्ये उत्कृष्ट पाँच भिडियोलाई जनही रु ५० हजारका दरले पुरस्कृत गर्ने जनाएको छ । उनीहरुलाई प्रशंसापत्रसमेत प्रदान गरिने बताइएको छ ।




बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुलसा माया कार्की, प्रधान सम्पादक : धनवीर महतो, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव, अध्यक्ष : नवीन झा, प्रवन्धक : बिनोद ढुङ्गेल
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com